नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०८९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या :-०७७/७८ मिति:- २०७७/०५/०४
च.नं. :-

## जिल्ला प्रशासन कार्यालय मकवानपुरको अत्यन्त जरूरी सूचना ।

कोभिड-१९ को संक्रमणको जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि हेटौडा उपमहानरपालिका, थाहा नगरपालिका र मनहरी गाउँपालिका पूर्व-पश्चिम राजमार्गको दाँया/बाँया ५००/५०० मिटर क्षेत्रमा प्रमुख जिल्ला अधिकारीद्वारा मिति २०७७-०५-०९ गते राती १२:०० बजेसम्मको लागि निषेधाज्ञा जारी गरिएको व्यहोरा सबैमा अवगत नै छ र प्रभावकारीरूपमा निषेधाज्ञाको पालना समेत भइरहेको पाइएको छ । नेपालीहरूको यस वर्षको चाडपर्वहरू नजिकिने क्रम समेत शुरू भएकोले धार्मिकस्थलहरूमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्न, नगराउनु हुन सबैमा अनुरोध गरिन्छ । साथै, चाडपर्वहरू आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरू पालना गरी, गराई आ-आफ्नो परिवारका सदस्यहरू मात्र संलग्न हुने गरी मनाउन हुन तथा अनावश्यकरूपमा घरबाहिर निस्कने, आवतजावत गर्ने र भेला हुने कार्य समेत नगर्न, नगराउनु हुन मकवानपुरवासीहरूमा अनुरोध गरिन्छ ।

दिन प्रतिदिन कोभिड-१९ को संक्रमण फैलिरहेको सन्दर्भमा जनस्वास्थ्यको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता भएको हुँदा यस सूचना विपरित कोही कसैबाट भए गरेको पाइएमा तत्काल कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

कोभिड-१९ को कारण सृजित वर्तमान असहज परिस्थितिमा सदाझैं निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुर सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

(देबचन्द्र गतौंला)
प्रशासकीय अधिकृत/सूचना अधिकारी